# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, बैशाख १९ गते, २०८० साल (अतिरिक्ताङ्क १(ग)

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको अनुसूची-१ हेरफेर गरी संवत् २०७९ साल साउन १ गतेदेखि लागू हुने गरी उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरुको प्रति महिना पारिश्रमिक देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) उच्च अदालतका मुख्य न्यायाधीश रु. ८२,४००।-

(ख) उच्च अदालतका न्यायाधीश रु. ७६,९००।-

(ग) जिल्ला अदालतका न्यायाधीश रु. ७०,१००।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले खण्ड ७२, सङ्ख्या ५४, मिति २०७९।१०।०५ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित अर्थ मन्त्रालयको सूचना ४ मा देहाय बमोजिम संशोधन गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(१) क्र.सं. २. को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

| | | |
|---|---|---|
| "(क) उपाध्यक्ष | ८५,०४३।-" | |

(२) क्र.सं. ३ को सट्टा देहायको क्र.सं. ३ राखिएको छः-

| | | | |
|---|---|---|---|
| **"३.** | **संवैधानिक निकाय** | | |
| | (क) प्रमुख पदाधिकारी | ८५,०४३।- | |
| | (ख) पदाधिकारी | ७७,६६०।-" | |

(३) क्र.सं. ५ को सट्टा देहायको क्र.सं. ५ राखिएको छः-

| | | | |
|---|---|---|---|
| **"५.** | **राष्ट्रिय सूचना आयोग** | | |
| | (क) प्रमुख सूचना आयुक्त | ८५,०४३।- | |
| | (ख) सूचना आयुक्त | ७७,६६०।-" | |

**आज्ञाले,**

**डा. अर्जुन कुमार खड्का**

**सहसचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.द.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।